द.नं.: ५५०/ स.क.प.द.नं.: २०९९२

**मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल**
Campaign for Human Rights and Social Transformation, (CAHURAST), Nepal

मिति : २०८० कार्तिक १९ गते

# प्रेस वक्तव्य

प्रेस वक्तव्य मिति २०८०/०७/१७ गते साँझ ११:४७ जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट जाजरकोट, रुकुमपश्चिमलगायतका जिल्लाहरुमा भएको मानवीय तथा भौतिक क्षतिप्रति मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान (काहुरास्ट), नेपाल मर्माहित भएको छ ।

अहिलेसम्म भुकम्पमा परी १५७ जनाको मृत्यु भएको छ भने २ सय बढी घाइते भएको र करोडौँको भौतिक क्षति भएका छन । यस प्राकृतिक विपतको समयमा ९ सय भन्दा बढी घरमा क्षतिपुगेको प्रारम्भिक रिपोर्ट छ । यो तथ्याङ्क अझ बढ्न सक्ने देखिन्छ ।

यस दुखद् घडीमा भूकम्पमा परी ज्यानगुमाएका मृतकहरुप्रति काहुरास्ट नेपाल हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त सम्पूर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ । साथै घाइतेहरुको उचित उपचार र तत्काल राहत उपलब्ध गराउन सरकारसँग जोडदार माग गर्दछ । घरबारवीहिन भएकाहरुलाई तत्काल अस्थायी बासको व्यवस्था गर्दै दीर्घकालीनरुपमा भूकम्प प्रतिरोधक भवन निर्माणको लागि आवश्यक तयारी समेत गर्न काहुरास्ट सरकारसँग आग्रह गर्दछ ।

दु:खको यस घडीमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली समुदाय, अन्तर्राष्ट्रिय दातृ निकायहरु, सम्पूर्ण संघ, संस्था, स्वदेशी तथा विदेशी नागरिकहरुलाई समेत विगतमा जस्तै उद्धार तथा राहतको लागि सहयोगको हात अगाडी बढाउन विनम्र अनुरोध गर्दछ । राहत तथा उद्दारका नाउँमा गलत व्यक्तिहरुले लाभ लिन सक्ने यसअघिको घटनाबाट पाठ सिक्दै सरकारले राहतमा एकद्वार नीतिलागू गर्नसमेत अनुरोध गदै उद्धार तथा राहतमा सरकारले देखाएको सक्रियता प्रति आभारसमेत व्यक्त गर्दछ ।

हुकुमप्रसाद पोखरेल
अध्यक्ष

मीना तिवारी(घिमिरे)
महासचिव